- Bank may issue cheque book in the account at its own discretion.
  बैंकले आफ्नो स्वेच्छामा खाताको चेक बुक जारी गर्न सक्नेछ ।
- The interest rate, minimum balance requirements and applicable charges may change from time to time. I/We need to refer the Bank's website regularly for updated information.
  ब्याजदर, न्यूनतम ब्यालेन्स आवश्यकताहरु र लागू हुने शूल्कहरु समय समयमा परिवर्तन हुन सक्नेछ । मैले⁄हामीले अद्यावधिक सूचनाहरु बैंकको वेबसाइट मार्फत प्राप्त गर्न सक्ने छु⁄छौ ।

33) I/We understand that the Bank provides various services related to Cards, Loans and Bank Accounts through its online channels. I/We accept and agree that the services available through Online Banking/ SC Mobile App may not be provided by the Bank through its Branches and/or Client Care Centre as and when deemed required.

(३३) बैंकले आफ्ना अनलाईन माध्यमहरु मार्फत विभिन्न किसिमका कार्ड, कर्जा तथा बैंक खाता सम्बन्धी सेवाहरु उपलब्ध गराउँदछ भन्ने मैले⁄हामीले बुझेका छौं । अनलाईन बैंकिङ्ग⁄क्स्र मोबाईल एप मार्फत उपलब्ध गराईएका सेवाहरु बैंकले आफ्ना शाखा र⁄वा ग्राहक सेवा केन्द्र मार्फत तत्कालै वा आवश्यक भनिए बित्तिकै उपलब्ध गराउन नसक्ने व्यहोरालाई समेत मैले⁄हामीले स्वीकार गरी सोमा सहमति व्यक्त गर्दछौं ।

## B. Terms and conditions for eStatements.

**(ख) विद्युतीय विवरण सम्बन्धी शर्त बन्देजहरु**

In consideration of the Bank agreeing at my request that future statements be sent to me via electronic mail (e- mail) to such e-mail address as in the Bank's record (Designated Email) such other designated e-mail account as may be instructed by me from time to time (collectively known as the "service"), I hereby agree as follows:

बैंकको अभिलेखमा रहेको इमेल ठेगाना (निर्दिष्ट इमेल) वा मैले समय समयमा निर्दिष्ट गरेको अन्य इमेल ठेगानामा इमेलको माध्यमद्वारा भविष्यका विवरणहरु पठाउने कुरा बैंकले मन्जुर गरे वापत म देहायका कुराहरु स्वीकार गर्दछु :

1) I/we understand that I/we will be automatically subcribed to eStatemetns unless advised otherwise.

(१) म⁄हामीलाई यस कुराको जानकारी छकि मरहामीले बैंकलाई अन्यथा जानकारी गराइएको बाहेक इस्टेटमेन्ट्स व्यहोरा उपलब्ध गराइ माग्न स्वत: माग गरेको मानिनेछ ।

2) I shall agree to the terms and conditions relating to the Service as herein after provided, and I confirm that these shall be in addition to and not in substitution of the Bank's Standard terms and conditions governing cards facilities and to the services which shall apply to the Service as if the said terms and conditions were repeated herein. In the event of a conflict between the terms and conditions of this agreement and any other relevant terms and conditions, the terms and conditions of this agreement will prevail to the extent of such conflict. The use of the Service will constitute my agreement to and receipt of these terms and conditions as well as my acknowledgement of the inherent risks in the transmission of eStatement via e-mail.

(२) यस उपरान्त सेवाका सम्बन्धी शर्त बन्देजहरु म स्वीकार गर्दछु र यी शर्त बन्देजहरु कार्ड सुविधा तथा सेवा सम्बन्धी अन्य सुविधा सम्बन्धित बैंकको सामान्य शर्त बन्देजलाई प्रतिस्थापन गर्ने शर्त बन्देजहरु नभई थप शर्त बन्देजहरु रहेको र यहाँ दोहरीन गएता पनि थप शर्त बन्देज रहेको म पुष्टि गर्दछु । यस सम्झौतामा उल्लेखित शर्त बन्देजहरु र अन्य सम्बन्धित शर्त बन्देजहरु एक आपसमा बाझिन गएमा त्यस्तो बाझिएको हदसम्म यस सम्झौताका शर्त बन्देजहरु लागू हुनेछन् । मैले सेवाको प्रयोग गरेमा यी शर्त बन्देजहरु मैले प्राप्त गरेको र सो मलाई स्वीकार्य रहेको एवं इमेलको माध्यमद्वारा विद्युतीय विवरण सम्प्रेषण गर्दाका बखतको सन्निहित जोखिमहरु मलाई स्वीकार्य रहेको मानिनेछ ।

3) The provision of this Service is at the Bank's discretion, and such Service may be modified, suspended, withdrawn, cancelled or discontinued by the Bank at any time. In the event of such modification, suspension, withdrawal, cancellation or discontinuance of the Service, the Bank shall notify me and shall revert to sending the Statements in paper format to my last mailing address appearing on the bank's record. In the case of eStatement via email, the eStatement shall be attached together with the email. Once the Service is provided to me, the Bank will cease to provide me with printed and mailed statements.

(३) यो सेवा बैंकको स्वेच्छामा उपलब्ध गराइएको हो र बैंकले कुनैपनि समयमा यो सेवामा परिवर्तन गर्न, रोक्का राख्न र फिर्ता लिन, खारेज गर्न वा रोक्न सक्नेछ । यसरी परिवर्तन, निलम्बन, फिर्ता, खारेज वा रोकिएमा बैंकले मलाई सूचना प्रदान गरी बैकको अभिलेखमा देखिने सबैभन्दा पछिल्लो पत्राचारको ठेगानामा कागजमा छापिएको विवरण पठाउन सक्नेछ । इमेल मार्फत पठाइएको विद्युतीय विवरण इमेलका साथ संलग्न गरी पठाइनेछ । यो सेवा उपलब्ध गराए पश्चात बैंकले कागजमा छापिएको विवरण प्रेषित गर्न बन्द गर्नेछ ।

4) I am the owner and designated user of the Designated Email and shall take all necessary security measures and precaution to ensure that the Designated. Email is not accessed by any unauthorized party. I agree and confirm that the Bank does not warrant the timeliness, security, confidentiality or availability in the transmission of the eStatements to the Designated Email.

(४) निर्दिष्ट इमेलको म निर्दिष्टि प्रयोगकर्ता हु र अन्य कुनै अनाधिकृत पक्षले निर्दिष्ट इमेलमा पहुँच प्राप्त नगरोस् भन्ने सुनिश्चितताका निमित्त म सबै आवश्यक सुरक्षाका उपायहरु र पूर्व सावधानीहरु म अपनाउने छु । विद्युतीय विवरण निर्दिष्ट इमेल ठेगानामा पठाउँदा बैंकले सो को ठीक समय, सुरक्षा, गोप्यता वा उपलब्धताका सम्बन्धमा कुनै सुनिश्चितता प्रदान गर्ने छैन भन्ने कुरा म स्वीकार एवं पुष्टि गर्दछु ।

5) I may terminate the Service at any time by completing a designated form and returning it to the Bank. I understand that the Bank will revert to sending me my statements in paper format to the last mailing address appearing on the Bank's record.

(५) म निर्दिष्ट फाराम भरी सो बैंकलाई उपलब्ध गराई कुनै पनि समयमा सेवा बन्द गर्न सक्नेछु । यसरी सेवा बन्द गरिएमा बैंकले मेरा विवरणहरु बैंकको अभिलेखमा रहेको मेरो सबैभन्दा पछिल्लो पत्राचारको ठेगानामा कागजमा छापी पुन:उपलब्ध गर्नेछ भन्ने कुरा मैले बुझेको छु ।

6) The Bank's system of transmission of the eStatements are proprietary to the Bank and I agree to the non-exclusive sub-licence of the system granted by the Bank to me for my use of the service. I am aware that any unauthorized use of the system by me or through parties (whether authorized or unauthorized by me) may result in civil action being taken against me by the Bank. I shall not (whether by myself or otherwise) re-engineer, modify, disseminate, copy, decompile any software within the system or otherwise owned or provided by the Bank.

(६) विद्युतीय विवरण पठाउने बैंकको प्रणाली बैंकको सम्पत्ति हो र बैंकले मलाई सेवा प्रयोग गर्नका निमित्त ननएक्सक्लुसिव सब लाइसेन्स उपलब्ध गराएको म स्वीकार गर्दछु । मैले वा अन्य कुनै तेस्रो पक्ष (मेल अख्तियारी प्रदान गरेको वा नगरेको) ले प्रणालीको कुनै अनाधिकृत प्रयोग गरेमा बैंकले म विरुद्ध देवानी कारवाही गर्न सक्नेछ । बैंकको स्वामित्वमा रहेको वा मलाई उपलब्ध गराएको प्रणालीको सफ्टवेयर म (म स्वयंद्वारा वा अन्य प्रकारबाट) रि-इन्जिनियरिंग, परिवर्तन, प्रशारण, प्रतिलिपी वा डिकम्पाइल गर्नेछैन ।

7) I will be required to check all eStatements for any authorized transactions. If I should be aware of any unauthorized transaction(s) on any of the eStatements, I must notify the Bank as soon as reasonably practicable but in any event not later than the stipulated applicable time period specified in my eStatement. Any applicable time period within which I must notify the Bank of any unauthorized transaction(s) shall begin on the statement date printed on the relevant eStatement regardless of when I access or open the eStatement.

(७) कुनै पनि आधिकारीक कारोवारका सम्बन्धमा मैले विद्युतीय विवरणहरुको जाँच गर्नुपर्नेछ । कुनै पनि विद्युतीय विवरणमा कुनै अनाधिकृत कारोवार भएको मैले जानकारी प्राप्त गरेमा मैले यथाशीघ्र तर मेरो विद्युतीय विवरणमा उल्लेख गरिएको अवधि ननाघ्नेगरी बैंकलाई सुचित गर्नुपर्नेछ । कुनै अनाधिकृत कारोवारको सम्बन्धमा मैले बैंकलाई चित गर्नुपर्ने अवधि मैले विद्युतीय विवरण खोलेको वा सो मा पहुँच प्राप्त गरेको मिति जुनसुकै भएता पनि सम्बन्धित विद्युतीय विवरणमा उल्लेखित विवरणको मितिबाट लागू हुनेछ ।

8) I am aware that the Bank never makes any request from me to provide my account or security details via email. Where I have requested for eStatement to be sent to me to using a password (the "Access identification"). Such Access Identification will be used by me to access the eStatement. I acknowledge that I am responsible for checking the eStatement for any unauthorized transactions and that if I am aware of any unauthorized transaction(s) on any of the eStatements, I must immediately notify the Bank. I must ensure that the Access Identification is kept strictly confidential at all times to prevent any unauthorized access to the eStatement. If I am aware or If suspect that the Access Identification is known to someone else, I must notify the Bank immediately.

(८) बैंकले कहिल्यै पनि इमेल मार्फत मलाई खाता नम्बर वा सुरक्षा सम्बन्धी विवरणहरु उपलब्ध गराउन अनुरोध गर्नेछैन भन्ने कुरा मैले बुझेको छु । मैले पासवर्ड प्रयोग गरी मलाई विवरण उपलब्ध गराउन अनुरोध गरेको खण्डमा त्यस्तो पासवर्ड (पहुँच परिचय) मैले विद्युतीय विवरणमा पहुँच प्राप्त गर्न प्रयोग गर्नेछु । कुनै अनाधिकृत कारोवारका निमित्त विद्युतीय विवरणहरु जाँच गर्न म जिम्मेवार हुनेछु र कुनै पनि विद्युतीय विवरणमा कुनै अनाधिकृत कारोवार भएको मैले पाएमा मैले तुरुन्त बैंकलाई जानकारी गराउनु पर्नेछ भन्ने कुरा मलाई जानकारी रहेको छ । विद्युतीय विवरणमा कुनै अनाधिकृत पहुँचलाई रोक्न मैले सँधै पहुँच परिचयलाई अत्यन्त गोप्य राखेको कुरा सुनिश्चित गर्नुपर्नेछ । यदि पहुँच परिचय अन्य कसैलाई जानकारी भएको मलाई शंका लागेमा सो कुरा मैले बैंकलाई तत्कालै जानकारी गराउनु पर्नेछ ।

9) I agree that from time to time the Bank may advertise its product and services, and those of other companies in the the Bank through the eStatement Service.

(९) विद्युतीय विवरण सम्बन्धी सेवाको माध्यमद्वारा समय समयमा बैंकले आफ्नो वा अन्य कम्पनीहरुको सेवाको विज्ञापन गर्नसक्ने छ भन्ने कुरा म स्वीकार गर्दछु ।

10) I acknowledge that the Bank will use its best endeavours to ensure the security of the Service. Notwithstanding the foregoing, I agree that the Bank shall not liable in any manner for any disruption, unavailability of the service, communication, electrical or network failure that may result in the eStatemtns being incomplete, unavailable or delayed in transmission. I further acknowledge that the use of and the transmission may be disrupted, interrupted, delayed or incorrect. I shall not hold the Bank responsible for any errors, viruses, delay, inaccuracy, losses, damages whatsoever arising from or in connection with my/ our use of the Service (including but not limited to any interception in connection with my/our use of the Service (including but not limited to any interception, modification or amendment, disruption, interruption, delay or inaccuracy of e-mails or internet transmission or other communication equipment or facilities. For the avoidance or doubt, the Bank shall not be responsible for any losses suffered whether direct, indirect, consequential, or special loss, even if the Bank shall have been advised of the same.

(१०) सेवाको सुरक्षा सुनिश्चित गर्न बैंकले उत्तम प्रयत्न गर्नेछ भन्ने कुरा मलाई जानकारी रहेको छ । माथि जुनसुकै कुरा उल्लेख भएता पनि सेवाका रोकावट अनुपलब्धता, पत्राचार, विद्युतीय वा अन्य सञ्जालले काम नगरको परिणामस्वरुप विद्युतीय विवरण अपूर्ण, अनुपलब्धता वा सम्प्रेषणमा विलम्ब आदि हुन पुगेमा कुनै पनि प्रकारबाट बैंक जिम्मेवार हुने छैन भन्ने कुरा म स्वीकार गर्दछु । विवरणको सम्प्रेषणमा रोकावट, विलम्ब वा त्रुटीपूर्ण हुनसक्ने कुराको मलाई जानकारी रहेको छ । मेरो⁄हाम्रो सेवाका सम्बन्धमा कुनै त्रुटी, भइरस, विलम्ब, अदुरुस्तता, हानी, नोक्सानीका सम्बन्धमा म बैंकलाई जिम्मेवार बनाउने छैन (इमेल वा इन्टरनेट ट्रान्समिसन वा अन्य संचारका उपकरण वा सुविधाहरुमा कुनै हस्तक्षेप, परिवर्तन वा संशोधन, रोकावट, विलम्ब वा अदुरुस्तता समेत) शंका निवारणका निमित्त प्रत्येक्ष, अप्रत्येक्ष, परिणामजन्य वा विशिष्ट नोक्सानीका सम्बन्धमा बैंकलाई जानकारी उपलब्ध गराएको भएता पनि सो हानी नोक्सानीप्रति बैंक जिम्मेवार हुनेछैन ।

11) I will not hold the Bank responsible for any consequences that may arise as a result of any online communication between myself and the Bank which may be lost in transmission (whether in whole or in part)

(११) म र बैंकको बीचको कुनै अनलाइन संचारहरु (पूर्ण वा आंशिक रुपमा) सम्प्रेषणको क्रममा हराएमा सो बाट उत्पन्न हुने कुनै पनि परिणामका निमित्त म बैंकलाई जिम्मेवार ठहराउने छैन ।

12) I/We hereby acknowledge and are aware of the fact that the bank reserves the right to discontinue my eStatement service in case of failure of delivery of my eStaement to my email address by the system. This will be done on the basis of notification of delivery failure by the system.

(१२) प्रणालीद्वारा मेरो इमेल ठेगानामा मेरो विद्युतीय विवरण प्रेषित गर्न नसकिएमा मेरो विद्युतीय सेवा समाप्त गर्ने अधिकार बैंकलाई रहेको छ भन्ने कुरा म/हामीलाई जानकारी रहेको छ । प्रणालीले इमेल पठाउन नसकेको सुचित गरेको आधारमा यो कार्य गरिनेछ ।

## C. Terms and Conditions related to VISA Platinum Debit Card

**(ग) भिसा प्लेटिनम डेबिट कार्ड सम्बन्धी शर्त बन्देजहरु**

These terms & conditions relate to the operations by the Cardholder of his/her account(s) with the Bank designated for this purpose and the use of the Card on the Designated Account(s) and are in addition to the mandate of the Cardholder given to the Bank by him in relation thereto. The Cardholder must be a customer of the Bank and maintain an account at a branch of the Bank in Nepal.

I herewith submit my application for the Bank's Visa Platinum Debit Card and confirm that I have understood the terms & conditions as mentioned below.

यी शर्त बन्देजहरु कार्डवालाले यस प्रयोजनको निमित्त निर्दिष्ट गरेको यस बैंकमा रहेको खाताको संचालन र निर्दिष्ट खाता उपर कार्डको प्रयोगको सम्बन्धमा लागू रहने छ र कार्डवालाले यस सम्बन्धमा बैंकलाई दिएको निर्देशन (Mandate) का अतिरिक्त लागू रहने छ । कार्डवाला यस बैंकको ग्राहक हुनु पर्नेछ र नेपालमा यस बैंकको शाखामा खाता खोलेकारे संचालन गरेको हुनु पर्नेछ ।

म बैंकको भीसा प्लेटिनम डेबिट कार्डको निमित्त आवेदन गर्दछु र तल उल्लेखित शर्त बन्देजहरु मैले पढेको र बुझेको छु भनी पुष्टि गर्दछु :

1. In these terms & conditions the following abbreviations are used:

१. यस शर्त बन्देजमा देहायको छोटकरी शब्दहरु प्रयोग गरिएका छन्:

- ATM means Automated Teller Machine
- ए.टी.एम. (ATM) भन्नाले अटोमेटेड टेलर मेसिनलाई जनाउने छ ।
- POS means Point of Sale Machine
- पी.ओ.स. (POS) भन्नाले प्वाइन्ट अफ सेल मेसिन (बिक्री बिन्दुको मेसिन) लाई जनाउने छ ।
- BANK means Standard Chartered Bank Nepal Limited
- बैंक भन्नाले स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडलाई जनाउने छ ।
- CARD means Visa Platinum Debit Card.
- कार्ड भन्नाले बैंकको भीसा प्लेटिनम डेबिट कार्डलाई जनाउने छ ।
- PIN means Personal Identification Number.
- PIN भन्नाले व्यक्तिगत परिचय नम्बर लाई जनाउने छ ।
- CARDHOLDER means the person to whom the Card has been issued by the Bank.
- कार्डवाला भन्नाले बैंकले कार्ड जारी गरेको व्यक्तिलाई जनाउने छ ।
- DESIGNATED ACCOUNT(s) means the Account(s) approved by the Bank to be accessed by the Card and PIN.
- निर्दिष्ट खाता भन्नाले कार्ड र पीनबाट पहुँच पुग्ने बैंकद्वारा स्वीकृत खातालाई जनाउने छ ।

### 2. Application Processing:

**२. आवेदन प्रक्रिया:**

I have signed the application form and confirm all the information contained therein is true and correct.

I accept that the Bank is in its absolute discretion to accept or reject this application without assigning any reason whatsoever and that the application and its supporting documents will become part of the Bank's record and shall not be returned to me.

### 3. Acceptance/Usage:

**३. स्वीकृती/प्रयोग**

- I understand and agree that the Bank may not accept request for Visa Platinum Debit Card at the discretion of the Bank.
- भीसा डेबिट प्लेटिनम कार्डका निमित्त मैले गरेको आवेदन बैंकले स्वीकार नगर्न सक्नेछ भन्ने मैले बुझेको छ ।
- All transactions initiated by the Card, whether electronically or otherwise, using the Card will be debited from the Designated Account(s).
- विद्युतीय माध्यम वा अन्य कुनै प्रकारबाट कार्डको प्रयोग गरी कार्यान्वयन गरिएको प्रत्येक कारोवारका निमित्त निर्दिष्ट खाताबाट रकम झिकिने छ ।
- The Bank shall debit the Designated Account(s) for the amount withdrawn from any of the Bank's Automated Teller Machine (ATM) in Nepal or any other ATM in Nepal India or Bhutan that accept Visa Cards or retail transactions done on POS Machines located in Nepal, India or Bhutan by the use of the Card. The Bank's record electronically or otherwise, shall be deemed to be conclusive proof of the correctness of the transactions notwithstanding the fact that there exists no debit voucher signed by the Cardholder to support transaction through the ATM.
- If the Designated Account becomes overdrawn by the use of the Card, the Cardholder will be charged interest at such rates as the Bank shall determine and such other and expenses, as the Bank shall determine. Any such overdraft shall be repayable upon demand.
- कार्डको प्रयोगद्वारा निर्दिष्ट खातामा रहेको रकमभन्दा बढी रकम झिकिएमा त्यस्तो रकमका निमित्त बैंकले निर्धारण गरेको दरमा कार्डवालाबाट व्याज एवं बैंकले निर्धारण गरेको अन्य शूल्क एवं खर्चहरु असुलउपर गरिने छ । त्यस्तो अधिविकर्ष माग हुनासाथ भुक्तानी गर्नुपर्नेछ ।
- In consideration of the Bank issuing the Card, the Cardholder undertakes to indemnify the Bank and to keep the Bank indemnified against all losses, claims, actions, proceedings, demands, damages, costs and expenses incurred as sustained by the Bank of whatever nature and howsoever arising out of or in connection with the issuance or use of the Card.
- बैंकले कार्ड जारी गर्दा सो जारी वा प्रयोगबाट सृजना हुने वा सो सम्बन्धी कुनै पनि कारणबाट बैंकलाई जुनसुकै प्रकारको हानी, नोक्सानी, दावी, दायित्व, कारवाही, माग, क्षति, लागत एवं खर्चहरु पर्न गएमा सो का निमित्त क्षतिपूर्ति गर्न म मंजुर गर्दछु ।

### 4. Nepal Rastra Bank Requirements: I understand that:

**४. नेपाल राष्ट्र बैंकका आवश्यकताहरु : मैले देहायका कुराहरु बुझेको छु ।**

- The use of my Card is confined to Nepal, India and Bhutan and should not be used outside these countries. The use of my card outside these countries makes my card liable for immediate cancellation and any other appropriate action as stipulated by Nepal Rastra Bank or other regulatory bodies from time to time. I will be liable and responsible to clear all outstanding without prejudice to any right, remedy or action available against me, by Nepal Rastra Bank, the Bank or any regulatory agency.
- मेरो कार्डको प्रयोग नेपाल, भारत र भुटानमा मात्र सीमित रहेको छ र यी राष्ट्र बाहेक अन्य कुनै राष्ट्रमा यसको प्रयोग गरिनु हुने छैन । यी राष्ट्र बाहेक अन्य राष्ट्रमा मेरो कार्ड प्रयोग गरिएमा मेरो कार्ड तत्काल रद्द हुनेछ र नेपाल राष्ट्र बैंक वा अन्य नियामक निकायद्वारा समय समयमा निर्दिष्ट गरिए अनुरुपको उचित कारवाही हुनेछ । नेपाल राष्ट्र बैंक, बैंक वा अन्य नियामक निकायको म विरुद्धको कुनै अधिकार, उपचार वा कारवाहीमा कुनै असर नपर्ने गरी मैले भुक्तानी गर्नुपर्ने रकमका निमित्त म उत्तरदायी हुनेछु ।
- My card is a local rupee card. The transaction at Duty Free shops will be billed in US Dollars thus I am prohibited from using my card at Duty Free shops. for immediate cancellation and any other appropriate action as stipulated by Nepal Rastra Bank or other regulatory bodies from time to time. I will be liable and responsible to clear all outstanding without prejudice to any right, remedy or action available against me, by Nepal Rastra Bank, the Bank or any regulatory agency.
- मेरो कार्ड स्थानीय रुपैयाको कार्ड हो । करमक्त पसलमा गरिएको कारोवारका निमित्त अमेरिकी डलरमा बिजक जारी हुने भएको हुँदा त्यस्तो करमुक्त पसलमा मेरो कार्ड प्रयोग गर्न म प्रतिबन्धित रहेको छु ।
- The maximum amount I may draw as Cash Advance while visiting India and Bhutan is as advised by Nepal Rastra Bank, from time to time and subject to my card limit and available balance. The card is liable for cancellation in case there are any cash transactions beyond the amount stipulated by Nepal Rastra Bank from time to time and the Bank can provide such information to NRB for investigation and/or necessary action. In such cases I will be liable and responsible to clear all out standings without prejudice to any right, remedy or action available against me, by Nepal Rastra Bank, the Bank or any regulatory agency.
- भारत र भुटानमा भ्रमण गर्दा अग्रिम रुपमा नगद झिक्न पाउने अधिकतम सीमा नेपाल राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम एवं मेरो कार्डको सीमा र उपलब्ध मौज्दातको अधिनमा रहनेछ । नेपाल राष्ट्र बैंकले समय समयमा निर्दिष्ट गरे भन्दा बढी नगद कारोवार गरेमा कार्ड रद्द हुनेछ र आवश्यक अनुसन्धान र कारवाहीका निमित्त सो को सूचना बैंकले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउन सक्नेछ । यस्तो अवस्थामा नेपाल राष्ट्र बैंक, बैंक वा अन्य नियामक निकायको म विरुद्धको कुनै अधिकार, उपचार वा कारवाहीमा कुनै असर नपर्ने मैले भुक्तानी गर्नुपर्ने रकमका निमित्त म उत्तरदायी हुनेछु ।
- It is my responsibility to provide supporting documents pertaining to any purchase transactions done in India and Bhutan to the Bank as and when requested.
- भारत र भुटानमा गरिएको कुनै पनि खरिद सम्बन्धी कारोवारसँग सम्बन्धित कागजात माग भएका बखत बैंकलाई उपलब्ध गराउने दायित्व मेरो हो ।
- It is my responsibility not to utilize my funds withdrawn from card for capital investments in India and Bhutan.
- कार्डको प्रयोगद्वारा निकालिएको रकम भारत र भुटानमा पूँजी लगानी गर्नका प्रयोग नगर्नु मेरो दायित्व हो ।

## 5. PIN generation and Card Activation

**५. डेबिट कार्ड पीन जेनरेसन र कार्ड एक्टीभेसन**

- Cardholders can self-generate and reset PIN for Debit Card by logging into Online Banking/SC Mobile app platform. Alternatively cardholders can also Self-generate and reset PIN using the Debit Card at SCBNLs ATM and activate the card contacting 24X7 Client Care Centre using the contact number registered in the bank.
- कार्ड होल्डरले बैंकको इन्टरनेट बैंकीङ्ग/मोबाइल एप मार्फत डेबिट कार्डको पीन जेनेरेट गर्न सक्नेछन् सक्नुहुनेछ । यसका साथै नजीकको एटीएम बुथमा गएर पनि पीन जेनेरेट गर्न सकीने छ । बुथ मार्फत पीन जेनेरेट गर्दा कार्ड होल्डरवालाको बैंकमा दर्ता भएको फोनबाट बैंकको २४ घण्टे ग्राहक सेवा सम्पर्क केन्द्रमा सम्पर्क गरी कार्डलाई एक्टीभेट गर्न सकीने छ ।

In addition to the above clauses regarding issuance of card, I hereby read and understand my responsibilities and the following risk associated with the card I

have applied for:

**कार्ड जारी गर्ने सम्बन्धी माथि उल्लेखित प्रकरणको अतिरिक्त मैले आवेदन गरेको कार्ड सम्बद्ध देहायका जोखिमहरु एवं मेरा दायित्वहरु मैले पढेको र बुझेको छु ।**

- It is my responsibility to advise any discrepancies in the transaction/s details provided by the Bank through monthly statement. It is my sole responsibilities to advise the bank within 30 days from the statement date, in case there are any discrepancies. If I fail to advise the bank within 30 days from the date of statement, the Bank will consider the transaction/s and statement details are correct and I will be liable for any such transactions.
- बैंकले उपलब्ध गराउने करोवार सम्बन्धी मासिक विवरण मार्फत जानकारी गराउँदा सो विवरणमा कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी बैंकलाई जानकारी गराउने दायित्व मेरो हो । त्यस्तो कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी विवरण मितिबाट ३० दिन भित्र बैंकलाई जानकारी गराउने दायित्व मेरो हो । त्यस्तो जानकारी मैले ३० दिन भित्र बैंकलाई गराउन नसकेमा सो विवरणमा उल्लेख भएका कारोवार एवं विवरणहरु सही छन् भनी बैंकले सम्झनेछ र त्यस्तो कुनै पनि कारोवारको निमित्त म जवाफदेही हुनेछु ।
- The Debit Card issued by Bank and PIN generated & activated by the card holders will be entirely at the cardholder's risk and the Bank shall bear no liability whatsoever for any loss, financial or otherwise or damage howsoever caused from this issue. The Bank shall not be responsible for any losses or damages or expenses whatsoever arising whether directly or indirectly as result of any transaction made with the Card and shall be indemnied by the Cardholder, against any such loss or damage.
- बैंकले जारी गरेको डेबिट कार्ड र कार्डवालाले जेनरेट र एक्टेभेट गरेको पीन पूर्णरुपमा कार्डवालाको जोखिममा रहनेछ र सो जारी गर्दा जुनसुकै प्रकारको आर्थिक वा अन्य हानी नोक्सानीका सम्बन्धमा बैंक जवाफदेही हुनेछैन । कार्डको प्रयोगद्वारा गरिएको कुनै पनि कारोवारको परिणाम स्वरुप कुनै पनि प्रकारको प्रत्येक्ष वा अप्रत्येक्ष हानी नोक्सानी वा खर्चहरु प्रति बैंक जवाफदेही हुनेछैन र त्यस्ता हानी नोक्सानी र सो बाट बैंकलाई हुनजाने हानी नोक्सानीको क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

**6. Others:**

**६. अन्य**

- The Bank reserves the right to assign a limit to the total cash withdrawal or retail purchase by the Cardholder during a 24-hour period.
- २४ घण्टाको समयावधिका निमित्त कार्डवालाले झिक्न पाउने जम्मा रकम वा खुद्रा खरिदको सीमा निर्धारण गर्न सक्ने अधिकार बैंकसँग सुरक्षित रहनेछ ।
- The Card shall at all times remain the property of the Bank and the Bank in its unfettered discretion and without giving reasons withdraw the Card or the services thereby ofered or any part of such services at any time without any prior notice whereby the Cardholder will be responsible for returning the Card as per request from the Bank.
- जुनसुकै समयमा पनि कार्ड बैंकको सम्पत्ति हुनेछ र बैंकले आफ्नो पूर्ण स्वेच्छामा कार्ड वा सो बाट प्रदान गरिएको सेवा वा सेवाको कुनै पनि अंश कुनै पनि समयमा पूर्व सूचना विना नै बन्द गर्नसक्ने छ र सो भएमा बैंकको अनुरोध अनुरुप कार्डवालाले सो कार्ड फिर्ता गर्नुपर्ने छ ।
- The Card shall cease to be valid and the Bank shall be entitled to the immediate return of the Card in the event of:
- देहायको अवस्थामा कार्ड बहाल रहने छैन र सो कार्ड बैंकले तुरुन्त फिर्ता प्राप्त गर्नुपर्ने छः
  - a) Closure of Designated Account(s);
  - (क) निर्दिष्ट खाता बन्द भएमा
  - b) Death of a Cardholder;
  - (ख) कार्डवालाको मृत्यु भएमा
  - c) The Cardholder(s) authority to operate the Designated Account(s) is terminated;
  - (ग) निर्दिष्ट खाता संचालन गर्ने कार्डवालाको अख्तियारी समाप्त भएमा
  - d) The Cardholder(s) ceases to be a customer of the Bank;
  - (घ) कार्डवाला बैंकको ग्राहक नरहेमा
  - e) The Bank requests its return.
  - (ङ) बैंकले फिर्ता माग गरेमा ।
- The Cardholder shall not disclose the PIN. The Cardholder will be liable to the Bank for any and all transactions made by use of the Card and hereby agrees to indemnify the Bank for any losses or damages howsoever caused by any unauthorized use of the Card or PIN, unless the Bank has received notice in writing of any loss, damage or theft of the Card or disclosure of the PIN prior to any unauthorised use of the Card or PIN.
- कार्डवालाले पीन नं. को खुलासा गर्नेछैन । कार्डको प्रयोग गरी गरिएको कुनै पनि कारोवारको निमित्त बैंकप्रति कार्डवाला उत्तरदायी हुनेछ एवं कार्ड वा पीन नं. को अनधिकृत प्रयोग हुनुभन्दा पूर्व नै कार्डवालाले आफ्नो कार्ड हराएको, चोरी भएको, नाश भएको वा पीन नं. अरुलाई खुलासा गरेको सम्बन्धमा बैंकलाई लिखित जानकारी गराएको अवस्थामा बाहेक कार्डको कुनै पनि प्रकारको अनधिकृत प्रयोगको कारणबाट बैंकलाई जुनसुकै प्रकारको हानी, नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको सट्टाभर्ना (क्षतिपूर्ती गर्न कार्डवाला मंजुर गर्दछ ।
- All fees related to the Card are payable in advance as per the Bank's latest Standard Tariff of Charges.
- कार्डसँग सम्बन्धित सबै शूल्कहरु बैंकको नवीनतम निश्चित शूल्क तालिका अनुरुप अग्रीम रुपमा भुक्तानी गर्नु पर्नेछ ।
- The Bank shall debit the Designated Account(s) for all related charges with respect to the Card and the use thereof.
- कार्डको सम्बन्धमा र सो को प्रयोगको सम्बन्धमा लाग्ने सबै शूल्कहरु बैंकले निर्दिष्ट खाताबाट निकाल्न सक्नेछ ।
- The Bank reserves the right to withdraw at any time and at its sole discretion all rights and privileges pertaining to the Card. The Bank shall not be responsible for any losses or damages or expenses whatsoever and howsoever arising whether directly or indirectly as a result of any malfunction of the Card or any of the Bank's ATM, the insuociency of funds in such a machine or otherwise
- कार्ड सम्बन्धी सबै अधिकार एवं सहुलियतहरु बैंकले आफ्नो स्वेच्छामा कुनै पनि समयमा बन्द गर्ने अधिकार बैंकले राख्दछ । कार्ड वा बैंकको कुनै पनि एटिएम बिग्रिएको कारणले गर्दा वा त्यस्तो मेसिनमा रकम अपूग भएको कारणले वा अन्य कारणले कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष हानी, नोक्सानी वा खर्चहरु पर्न गएमा बैंक जवाफदेही हुनेछैन ।
- The Bank does not warrant and will not be responsible for the Card not being honoured for any reason whatsoever.
- बैंकले कार्ड आदर हुन्छ भनी घोषणा गर्दैन र जुनसुकै कारणले गर्दा कार्ड अनादर भएमा बैंक जवाफदेही हुनेछैन ।
- If separate Cards are issued to more than one Cardholder of a Single/Joint account, then each Cardholder shall be individually/jointly and severally responsible for all transactions on the account operated by the use of any Card and individually/jointly and severally bound by these terms and conditions. Each Cardholder of a Single/Joint account acknowledges that separate notice is not required in respect of each debit by the use of dierent Cards.
- एक भन्दा बढी कार्डवालाको एकल/संयुक्त खातावालाहरुलाई छुट्टा छुट्टै कार्डहरु जारी गरिएको भएमा त्यस्तो कार्डको प्रयोगबाट खातामा भएको सबै कारोवारका निमित्त प्रत्येक कार्डवालाहरु व्यक्तिगत/संयुक्त एवं पृथक रुपमा जवाफदेही हुनेछन् र यी शर्त बन्देजहरु व्यक्तिगत/संयुक्त एवं पृथक रुपमा बन्धनकारी हुनेछन् । एकल/संयुक्त खाताका प्रत्येक कार्डवालाहरु यो स्वीकार गर्दछन् कि छुट्टा छुट्टै कार्डको प्रयोगबाट प्रत्येक पटक रकम निकालिएको सम्बन्धमा छुट्टा छुट्टै सूचना जारी गर्नुपर्ने छैन ।
- All the rules and regulations and charges governing the operations of current accounts and savings accounts will be applicable to the Card transactions relating to such accounts.
- चल्ति र वचत खाता संचालनका सम्बन्धमा लागू हुने सबै नियम तथा शूल्कहरु त्यस्तो खाता सम्बद्ध कार्डको कारोवारमा समेत लागू हुनेछ ।
- The Cardholder accepts that any cash or cheque deposited through ATM with the use of the Card is entirely at the risk and responsibility of the Cardholder and is subject to verification and implementation by the Bank. The Cardholder accepts that cheques deposited through the ATM may be sent for collection/clearance and the Cardholder's account will only be credited after realization.
- कार्डको प्रयोगद्वारा एटिएमको माध्यमबाट नगद वा चेक जम्मा गर्दा सो पूर्णरुपमा कार्डवालाको जोखिम र जवाफदेहीतामा हुनेछ भन्ने कुरा कार्डवाला स्वीकार गर्दछ र सो बैंकद्वारा गरिने प्रमाणिकरण र कार्यान्वयनको अधिनस्थ हुनेछ । एटिएमद्वारा जम्मा गरिएका चेकहरु कलेक्सन/क्लियरेन्सका निमित्त पठाउनु पर्ने हुनसक्छ र सो रकम प्राप्त भएपछि मात्र कार्डवालाको खातामा रकम जम्मा गरिने छ भन्ने कुरा कार्डवाला स्वीकार गर्दछ ।
- Two officials of the Bank will verify Cash/Cheque deposits and their count will be accepted as the correct amount deposited by the Cardholder.
- नगद/जम्मा गर्दा बैंकका दुई अधिकृतहरुले प्रमाणित गर्नेछन् र निजहरुको गणनालाई कार्डवालाले जम्मा गरेको सही रकमको रुपमा स्वीकार गरिनेछ ।
- The amount stated on the ATM screen or on the printed transaction record/slip shall not for any purpose whatsoever be taken as conclusive of the state of the Cardholder's account with the Bank.
- एटिएम स्क्रीनमा वा कारोवारको छापिएको अभिलेख/स्लिपमा उल्लेख भएको रकमलाई कुनै पनि प्रयोजनका निमित्त कार्डवालाको बैंकमा रहेको खाताको स्थिति सम्बन्धमा निर्णयक मानिने छैन ।
- These Terms & Conditions will stand amended if law, government regulations or instructions issued by the Nepal Rastra Bank, necessitates such amendments.
- यदि कानून, सरकारी नियमहरु वा नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशनहरुको कारणले गर्दा संशोधन गर्नुपर्ने भएमा यी शर्त बन्देजहरु स्वतः संशोधित हुनेछ ।
- The Cardholder's use of the Card shall at all times be subject to prevailing terms and conditions in force irrespective of the Cardholders actual receipt of the Bank notices or knowledge thereof.
- कार्डवालाले वास्तविक रुपमा बैंकको सूचना वा जानकारीहरु प्राप्त नगरे तापनि कार्डवालाले गर्ने कार्डको प्रयोग प्रचलित शर्त बन्देजको अधिनस्थ हुनेछ ।
- I need to pay the fee to my card account as per the MID (Most Important Document) and on approval of my card application
- मेरो कार्ड सम्बन्धी आवेदन स्वीकृत भएको खण्डमा सेवा शूल्क तालिका अनुरुप मेरो कार्ड खातामा मैले शूल्क भुक्तानी गर्नु पर्नेछ ।
- A supplementary card fee as per the MID will be levied on every supplementary card I request for.
- मैले सहायक कार्डका निमित्त आवेदन गरेका खण्डमा त्यस्तो प्रत्येक सहायक कार्डका निमित्त सेवा शूल्क तालिका अनुरुपको सहायक कार्ड शूल्क भुक्तानी गर्नु पर्नेछ ।
- Cash withdrawals and balance enquiry by Visa Platinum Debit Card from Standard Chartered Bank Nepal Ltd. (SCBNL) ATMs are free of cost.
- स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको ए टी एम बाहेक अन्य एटीएम बाट भीसा प्लेटिनम डेबिट कार्डको प्रयोग गरी रकम निकाल्दा वा मौज्दात सोधपुछ गर्दा शूल्क लाग्ने छ ।
- Cash withdrawals by Visa Platinum Debit Card from ATMs other than SCBNL will attract a fee as per the MID
- स्टाण्डर्ड चार्टर्ड बैंकको एटिएम बाहेक अन्य बैंकका एटीएम बाट भीसा प्लेटिनम डेबिट कार्डको प्रयोग गरी रकम निकाल्दा सेवा शूल्क तालिका अनुरुप शूल्क लाग्ने छ ।
- In case of lost/stolen/damage of my Card/PIN there is Replacement card fee as per the MID
- मेरो कार्ड / पीन हराए/चोरी भए/नष्ट भएमा सेवा शूल्क तालिका अनुरुपको शूल्क तिरी नयाँ कार्ड प्राप्त गर्न सकिनेछ ।
- A card must be signed immediately on receipt unless otherwise not required by us.
- बैंकबाट आवश्यक नपरेको अवस्थामा बाहेक , कार्ड प्राप्त हुन साथ कार्डमा तुरन्त हस्ताक्षर गर्नुपर्नेछ ।
- The card will be valid for use till the end of expiry period mentioned on the card. It is my responsibility to notify the Bank 30 days before the expiry of my card if I wish to renew the card. The Bank is authorized to send the card via courier in the latest address provided by me to the Bank.
- कार्डमा उल्लेखित अवधिको अन्त्य सम्म कार्ड प्रयोगको निमित्त मान्य हुनेछ । मैले कार्ड नविकरण गर्न चाहेमा बैंकलाई म्याद समाप्त हुनु भन्दा ३० दिन अघि सोको अग्रीम सूचना दिनु मेरो दायित्व हो । मैले बैंकलाई उपलब्ध गराएका ठेगानाहरु मध्ये सबै भन्दा पछिल्लो ठेगानामा कुरियरको माध्यमद्वारा कार्ड पठाउन बैंकलाई अधिकार प्रदान गरेको छु ।
- I can contact 24 hours Client Care Centre at 00977-1-4781800 for query/ies related to my bank account and Visa Platinum Debit Card. The Bank is authorized

to verify my account information prior responding to my query/ies.

- मेरो बैंक खाता र भीसा प्लेटिनम डेबिटकार्डका सम्बन्धमा जानकारी चाहिएमा २४ घण्टे सम्पर्क केन्द्रको ००९७७-१-४७८१८०० मा मैले सम्पर्क राख्न सक्नेछु। मेरो जिज्ञासाका सम्बन्धमा जवाफ दिनु पूर्व मेरो खाता जाँच गर्ने बैंकलाई अख्तियारी रहेको छ।

## D. Authorization And Declaration Related To Online Banking

**(घ) अनलाइन बैंकिंग सम्बन्धी अख्तियारीनामा र उद्घोषण**

By signing below, you hereby apply for the The Bank- Internet and electronic banking service (collectively the electronic banking services) as may be made avail able to you by the Bank from time to time. Further, you acknowledge that your use of the Electronic Banking Services shall be governed by the Bank's prevailing Electronic Banking Terms and Conditions as given below and you declare that you have read and fully understood the said Terms and Conditions and accept the same.

यस लिखितमा हस्ताक्षर गरे पश्चात बैंकले तपाईँलाई समय समयमा उपलब्ध गराउने बैंक, इन्टरनेट र इलेक्ट्रोनिक बैंकिग सेवा (समग्रमा विद्युतीय बैंकिंग सेवा) का निमित्त तपाईले आवेदन गर्नु भएको छ। साथै, विद्युतीय बैंकिंग सेवाको तपाईको प्रयोग उपर देहायमा उल्लेख भएको विद्युतीय बैंकिंग सेवा सम्बन्धी शर्त बन्देज लागू हुनेछ तथा तपाईले उल्लेखित शर्त बन्देजहरु पढेर पूर्णरुपमा बुझी सो स्वीकार गर्नु भएको छ भन्ने कुरा उद्घोषण गर्नु भएको छ।

You hereby instruct and authorize the Bank to issue/deliver your Electronic Banking ID and Electronic Banking Password (collectively Security codes), relating to your access to the Electronic Banking Services, electronically to your email ID and Mobile respectively as per the Bank's records, and, you agree that the risk of non-receipt and / or disclosure of the Security Codes to an unauthorized third party shall be fully borne by you. Subject to the Bank's prevailing terms governing the use of the Services, you hereby authorize and instruct the Bank to act on any instructions received through the use of your Security Codes, including, but not limited to the transfer of funds (subject to limits as may be imposed by the Bank from time to time) from your account(s) with the Bank (which you are entitled to operate on a single signatory basis) to the third party accounts named under the heading Beneficiary Accounts and, to any account which you may designate from time to time, for this purpose under the Bank's prevailing procedures.

विद्युतीय बैंकिग सेवामा पहुँच प्राप्त गर्ने सम्बन्धमा तपाईलाई विद्युतीय माध्यमद्वारा बैंकको अभिलेखमा रहेको तपाईको इमेल ठेगाना र मोबाइलमा विद्युतीय बैंकिंग परिचय र विद्युतीय बैंकिंग पासवर्ड (समग्रमा सुरक्षा संकेत) जारी गरी उपलब्ध गराउन तपाईले निर्देशन गरी बैंकलाई अख्तियारी प्रदान गर्नु भएको छ एवं सुरक्षा संकेत प्राप्त नगर्न सक्ने तथा अनाधिकृत तेस्रो पक्षलाई तपाईको सुरक्षा संकेत खुलासा हुन सक्ने जोखिम पूर्णरुपमा व्यहोर्नु पर्नेछ भन्ने कुरा तपाईलाई स्वीकार्य रहेको छ। सेवाको प्रयोग सम्बन्धी बैंकको प्रचलित शर्त बन्देजको अधीनमा रहने गरी तपाईको सुरक्षा संकेत प्रायोगको माध्यमद्वारा प्राप्त भएको बैंकमा रहेको तपाईको एकल हस्ताक्षरबाट संचालित हुने खाताबाट हितग्राही खातामा र यस प्रयोजनका निमित्त बैंकको प्रचलित कार्याविधि अनुसार समय समयमा तपाईले निर्देशन गरेको खातामा रकमान्तर गर्ने (बैंकले समय समयमा निर्धारण गरेको गरेको सीमाको अधीनमा रहने गरी) लगायतका निर्देशनको कार्यान्वयन गर्न तपाईले बैंकलाई अख्तियारी प्रदान गरी आदेश प्रदान गर्नु भएको छ।

In consideration of your instruction for your account statement(s) and advice(s) to be sent to the e-mail address specified above ("the Service"), as per the frequency requested by you, and your cancellation of any existing instruction/s to hold mail or to send all statements and advice by post or courier service, you hereby unconditionally agree that all statements sent by The Bank ("the Bank") for your above mentioned account(s) shall be accepted and upheld by you as correct. You hereby expressly waive any of your legal rights, past or future, against the Bank for providing the aforesaid service and fully accept the risks and respon sibilities of the statements transmitted by the Bank. The Bank does not warrant against any external factors affecting the privacy and/ or security of e-mails during Internet transmission. Accounts may automatically be closed if they carry nil, negative or balance less than the applicable ledger fee for 60 consecutive days.

तपाईले अनुरोध गर्नु भए बमोजिमको अन्तरालमा माथी उल्लेखित इमेल ठेगानामा तपाईको खाता सम्बन्धी विवरणहरु र अनरोधहरु पठाउन (सेवाहरु) र मेल होल्ड गर्न वा सबै विवरणहरु तथा अनुरोधहरु हुलाक वा कुरियर सेवाबाट पठाउने विद्यमान निर्देशनहरु समाप्त गर्न निर्देशन गर्नु भए वापत तपाईको माथी उल्लेखित खाताका सम्बन्धमा बैंकले पठाएका सबै विवरणहरु तपाईले स्वीकार गर्नु भएको छ र सही छन् भन्ने कुरा तपाईले निःशर्त रुपमा स्वीकार गर्नु भएको छ। माथी उल्लेखित सेवा उपलब्ध गराउनका निमित्त बैंकको विरुद्धको तपाईको विगत एवं भविष्यको कानूनी अधिकारहरु तपाईले लिखित रुपमा परित्याग गर्नु भएको छ र बैंकले सम्प्रेषित गरेको विवरणका जोखिम र दायित्वहरु पूर्णरुपमा स्वीकार गर्नु भएको छ। इन्टरनेट र ट्रान्समिसनको समयमा इमेलको सुरक्षा र गोपनीयतालाई प्रभावित गर्ने बाह्य तत्वहरुको विरुद्ध बैंकले कुनै दायित्व वहन गर्ने छैन। खातमा ऋणात्मक, शून्य वा लगातार ६० दिनका निमित्त लागू हुने लेजर शूल्क खाम्ने रकमको मौज्दात नरहेमा खाताहरु स्वतः बन्द हुनेछ।

You hereby further agree to keep the Bank indemnified against all actions, proceedings, liabilities and claims, cases, damages, costs and expenses in relation to or arising out of the Bank so accepting your request and transmitting statements and information through e-mail. You hereby agree to pay all fees and charges, which the Bank may impose from time in connection with the Service in the manner stipulated by the Bank. The Bank may add to, discontinue, or vary any of the Services from time to time. The Bank shall not be liable or responsible for data corruption, delay, interception and unauthorized amendment of the information from time to time and at any time. This agreement is in addition to and not in substitution of any other agreements, mandates, terms and condition relating to the customer's account(s) with the Bank.

इमेलको माध्यमद्वारा तपाईलाई विवरण वा जानकारीहरु सम्प्रेषण गर्ने तपाईको आदेश बैंकले स्वीकार गरेको सम्बन्धमा वा सो बाट सृजित सबै कारवाहीहरु, प्रकृयाहरु, दायित्वहरु, दावीहरु, मुद्दामामालिहरु, लागत र खर्चहरुका विरुद्ध बैंकलाई क्षतिपूर्ति गर्ने कुरा तपाईलाई मञ्जुर रहेको छ। सेवाका सम्बन्धमा बैंकले समय समयमा लागू गर्ने सबै शूल्क एवं दस्तुरहरु बैंकले तोके अनुरुप भुक्तानी गर्न तपाईलाई मञ्जुरी रहेको छ। बैंकले समय समयमा सेवामा थप गर्न, सेवा बन्द गर्न वा कुनै सेवा परिवर्तन गर्न सक्नेछ। समय समयमा एवं कुनै पनि समयमा तथ्यांकहरु करप्सन भएमा, विलम्ब भएमा, हस्तक्षेप भएमा तथा सूचनाहरुमा अनाधिकृत तवरबाट संशोधन भएमा बैंक जिम्मेवार एवं उत्तरदायी हुने छैन। बैंकमा रहेको ग्राहकको खाताहरु सम्बन्धी अन्य कुनै सम्झौता, अख्तियारनाम, शर्त बन्देजहरुको प्रतिस्थापन नभई यो सम्झौता थप सम्झौता रहेको छ।

You warrant that all the information provided by you, in this application form is true, accurate and complete in all respects.

यस आवेदन पत्रमा तपाईले उपलब्ध गराउनु भएका जानकारी पूर्णरुपमा सही, दुरुस्त र पूर्ण छन् भनने कुरा तपाइँ उद्घोष गर्नु हुन्छ।

Standard Chartered Bank Nepal Limited - Electronic Banking Terms and Conditions Please read these terms and conditions carefully.

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड - विद्युतीय बैंकिंग सम्बन्धी शर्त बन्देजहरु

These terms and conditions set out the rights and obligations of you, the customer, and us, the Bank, in connection with your use of the Service. All the terms and conditions of this agreement are legally binding, so please read them through

सेवाको प्रयोग सम्बन्धमा तपाई ग्राहकहरु र हामी बैंकको अधिकार र दायित्वहरु यी शर्त बन्देजद्वारा निर्धारण गरिएका छन्। यस सम्झौताका शर्त बन्देजहरु कानूनी रुपमा बन्धनकारी रहेको हुँदा राम्रोसँग पढ्नु होला।

This agreement:

यस सम्झौतामा

- is in addition to the terms and conditions that apply to the individual accounts you may be accessing through the Service. If there is a conflict between the terms and conditions of this agreement and any other relevant terms and conditions, the terms and conditions of this agreement will prevail; and
- यस सेवाको माध्यमद्वारा तपाईले पहुँच प्राप्त गर्ने व्यक्तिगत खातामा लागू रहने शर्त बन्देजहरु लगायत यो सम्झौता थप शर्त बन्देज हो। अन्य सम्बन्धित शर्त बन्जेद तथा यो सम्झौताका शर्त बन्देजहरु बाझिन गएमा या सम्झौताका शर्त बन्देजहरु लागू हुनेछनु ; र
- In the last section of this agreement, you will find definitions of some of the words and phrases used in these terms and conditions.
- यस सम्झौताको अन्तिम खण्डमा यस सम्झौतामा प्रयोग भएका शब्द एवं शब्दावलीको परिभाषा पाउनु हुनेछ।

## 1. The Accounts On Which You May Use The Services

**१. तपाईले सेवा प्रयोग गर्न सक्ने खाताहरु**

- 1.1 By agreeing to be bound by the terms of this agreement, you agree that the Service will be available on all Eligible Accounts with us, whether open now or opened in the future. The Service cannot be used on some types of accounts and we will advise you from time to time as to which accounts are eligible.
- १.१ यस सम्झौताका शर्त बन्देजहरु तपाई उपर बन्धनकारी हुने कुरा स्वीकार गरेको हुँदा हामीसँग हालै खोलिएको वा भविष्यमा खोलिने उपयुक्त खातामा सेवा उपलब्ध हुनेछ भन्ने कुरा तपाईले स्वीकार गर्नुभएको छ। कुनै प्रकृतिका खाताहरुमा सेवा प्रयोग गर्न सकिने छैन र कुन खाताहरु उपयुक्त हुन्छन् भन्ने सम्बन्धमा हामी समय सयमा तपाईलाई जानकारी गराउने छौं।
- 1.2 In order to use the Service, you must be registered by us to use the Service.
- १.२ सेवा प्रयोग गर्नका निमित्त सो सेवा प्रयोग गर्ने गरी तपाई हामीकहाँ दर्ता हुनु पर्नेछ।

## 2. Your Responsibilities For Security

**२. सुरक्षा सम्बन्धी तपाईको दायित्व**

2.1 To ensure that you alone are able to access and give instructions on your accounts using the Service, you must adopt and at all times maintain all the following security procedures.

२.१ तपाईको खातामा सेवा प्रयोग गरी खातामा पहुँच प्राप्त गर्ने र निर्देशन प्रदान गर्ने तपाई एकमात्र व्यक्ति भएको सुनिश्चित गर्न तपाईले देहायका सबै सुरक्षा कार्याविधिहरु अवलम्बन गरी स्वयं कायम राख्नु पर्नेछ।

2.2 To enable you to use the Service, we will provide you a user identification code and an initial password electronically to your email ID and mobile respectively, as per Bank's record, and you may then choose your own Password for the Service. These are your Security Codes and both will be used to identify you whenever you access the Service.

२.२ तपाईलाई सेवा प्रयोग गर्न सक्षम बनाउनका निमित्त बैंकमा रहेको अभिलेख अनुसारको इमेल ठेगाना र मोबाइलमा हामी तपाईलाई प्रयोगकर्ता परिचय संकेत र प्रारम्भिक पासवर्ड उपलब्ध गराउने छौं र तत्पश्चात सेवाका निमित्त तपाईले आफ्नो पासवर्ड चयन गर्न सक्नु हुनेछ। यी तपाईको सुरक्षा संकेतहरु हुन् र तपाईले जहिले सुकै सेवामा पहुँच प्राप्त गर्दा तपाईलाई पहिचान गर्न दुबै प्रयोग गरिनेछ।

## 2.3 Safeguarding your Password and Security Codes: In connection with your Security Codes:

**२.३ तपाईको पासवर्ड र सुरक्षा संकेतको सुरक्षाः तपाईको सुरक्षा संकेतको सम्बन्धमाः**

- 2.3.1 You should change your Password regularly and shall do so whenever the Service requires you to do so. You should not choose a Password you have used before;
- २.३.१ तपाईले नियमित रुपमा र सेवाको आवश्यकता अनुरुप पासवर्ड परिवर्तन गर्नुपर्नेछ। तपाईले पहिले नै प्रयोग गरिसकेको पासवर्ड पुनःचयन नगर्नुहोला।
- 2.3.2 Whenever you choose a Password, you must take care not to choose a number that is likely to be guessed by anyone trying to access the Service pre tending to be you. For example, you should avoid your own or a relative's birthday, or any part of your telephone number;
- २.३.२ पासवर्ड चयन गर्दा तपाईको परिचयको भान पारी सेवामा पहुँच प्राप्त गर्न चाहने कसैले पनि अनुगमन गर्न सक्ने कुनै पनि अंकहरु चयन नगर्न तपाईले सावधानी अपनाउनु पर्नेछ। उदाहरणका निमित्त तपाईको आफ्नो वा नातेदारको जन्मदिन

वा तपाईको फोन नम्बरको कुनै अंश प्रयोग नगर्नुहोला ।

- 2.3.3 you must take all reasonable steps to ensure that you safeguard your Security Codes at all times, whenever possible. You must not disclose any details of your Password to anyone else, to a member of our staff, or to someone giving assistance on a technical helpdesk in connection with the Service;
- २.३.३ सम्भव भएसम्म तपाईको सुरक्षा संकेतको सँधै सुरक्षा भएको सुनिश्चित गर्नका निमित्त तपाईले सबै उचीत कदमहरु चाल्नु पर्नेछ । तपाईले आफ्नो पासवर्डको विवरणहरु हाम्रा कर्मचारीहरुलाई एवं सेवाका सम्बन्धमा प्राविधिक सहायता प्रदान गर्ने कसैलाई पनि लगायत अन्य कसैलाई पनि खुलासा गर्नुहुने छैन ।
- 2.3.4 you must not record your Security Codes in a way that could make them recognizable by someone else as Security Codes;
- २.३.४ अन्य कसैले सुरक्षा संकेत हो भन्ने बुझ्न सक्नेगरी तपाईले आफ्नो सुरक्षा संकेतको अभिलेख राख्नु हुँदैन ।
- 2.3.5 if you discover or suspect that your Password or any part of them are known to someone else, you must immediately change the Password yourself through the Service. If this is not possible, you must notify us immediately by telephoning us on our 24 hours Client Care Centre at 00977-1-4781800 (or any other number we may advise you from time to time for this purpose). We will suspend use of the Service until new Security Codes have been set up.
- २.३.५ तपाईको पासवर्ड वा त्यसको कुनै अंश अन्य कसैलाई जानकारी हुन गएको तपाईलाई थाहा भएमा वा शंका लागेमा सेवाको माध्यमद्वारा आफ्नो पासवर्ड तपाईले तत्काल परिवर्तन गर्नु पर्नेछ । सो सम्भव नभएमा हामीलाई हाम्रो २४ घण्टे सम्पर्क केन्द्रको फोन नं. ००९७७-१४७८१८०० (वा यस प्रयोनका निमित्त हामीले तपाईलाई समय समयमा उपलब्ध गराउने अन्य नम्बर) मा फोन गरी हामीलाई तत्काल सुचित गर्नु पर्नेछ । अर्को नयाँ सुरक्षा संकेत निर्धारण नभएसम्मका निमित्त हामी सेवा विलम्ब गरिदिने छौं

## 2.4 Checking your Statements

**२.४ तपाईको विवरणको जाँच:**

If you become aware of any transaction on any of your accounts that has not been validly authorized by you, you must notify us immediately by telephoning us on our 24 hours Client Care Centre at 00977-1-4781800 (or any other number we may advise you from time to time for this purpose). For this purpose, you are reminded that you must, as is required of you for all your accounts, check all Bank Statements for any unauthorized transactions.

तपाईको कुनै पनि खातामा तपाईले वैध ढंगबाट अख्तियारी नगरेको कुनै कारोवार भेटाउनु भएमा तपाईले हाम्रो २४ घण्टे सम्पर्क केन्द्रको फोन नं. ००९७७-१-४७८१८०० (वा यस प्रयोनका निमित्त हामीले तपाईलाई समय समयमा उपलब्ध गराउने अन्य नम्बर) मा फोन गरी हामीलाई तत्काल सुचित गर्नु पर्नेछ । यस प्रयोजनका निमित्त तपाईका सबै खाताका निमित्त यस्तो कुनै अनाधिकृत कारोवार भएको छ वा छैन भनी जाँच गर्नुपर्नेछ भन्ने कुरा स्मरण गराउन चाहन्छौं ।

**2.5 Other security safeguards:** You must not allow anyone else to operate the Service on your behalf.

**२.५ अन्य सुरक्षात्मक उपायहरु:** छौं । तपाईले आफ्नो तर्फबाट सेवा संचालन गर्न अन्य कसैलाई पनि अनुमति दिनु हुनेछैन ।

2.6 You must not leave Your System unattended while you are on-line to the Service. This applies whether Your System is a device you have sourced independently of us or a device provided by us to access the Service in one of our branches. However, the public nature of our branches makes it particularly important that if you access the Service from a device in one of our branches you do not leave that device unattended while on-line and you ensure that you have gone off-line before leaving the branch.

२.६ तपाई सेवामा अनलाईन भएको बखत तपाईको प्रणालीलाई त्यसै छाडी अन्यत्र जानु हुनेछैन । तपाईको प्रणाली एउटा उपकरण हो जुन तपाईले हाम्रा शाखाहरु कुनै एक शाखामा पहुँचका निमित्त हामीबाट स्वतन्त्ररुपमा आफैंले उपलब्ध गर्नु भएको वा हामीले उपलब्ध गराएका हुन्छौं । हाम्रा शाखाहरु सार्वजनिक प्रकृतिको भएको हुँदा हाम्रा शाखाहरु मध्ये कुनै एक शाखामा रहेको कुनै उपकरणको माध्यमद्वारा तपाईले सेवामा पहुँच प्राप्त गर्नु भएको भएमा अनलाईन भएका बखत तपाईले सो उपकरण छाडी अन्यत्र नजानु महत्वपूर्ण रहन्छ र शाखा छोडी अन्यत्र जाँदा तपाई अफलाईन भएको सुनिश्चित गर्नु पर्नेछ ।

2.7 You must not access the Service from any device connected to a local area network (or LAN), such as an office environment, without first making sure that no one else is able to observe or copy your access or obtain access to the Service pretending to be you.

२.७ लोकल एरिया नेटवर्क *ीब्ल०* सँग सम्पर्क रहेको कुनै पनि उपकरणको जस्तै अफिस इन्भायरोमेन्टको माध्यमद्वारा तपाईले सेवामा पहुँच प्राप्त गर्नु पूर्व तपाईको पहुँच अन्य कसैले नदेखेको वा सो को अनुकरण गरेको वा तपाईजस्तो भान पार्ने गरी सेवामा पहुँच प्राप्त गर्न नसेको सुनिश्चितता नगरी तपाईले सेवामा पहुँच प्राप्त गर्नु हुने छैन ।

2.8 You must comply with any other requirements designed to protect the security of your use of the Service which are notified by us to you in any other way.

२.८ तपाईको सेवाको प्रयोगको सुरक्षाका उपायलाई संरक्षण गर्ने अभिप्रायले तयार गरी हामीले तपाईलाई कुनै अन्य तरिकाबाट सुचित गरेका अन्य कुनै पनि आवश्यकतालाई तपाईले मान्नु पर्नेछ ।

## 3. Your Authority To Us To Carry Out Instructions

**३. निर्देशन कार्यान्वयन गर्न तपाईले हामीलाई दिनुभएको अधिकार**

3.1 You agree that the use of the Security Codes agreed between us for the Service is adequate identification of you. We are entitled to act on instructions (using the Security Codes via the Service) without obtaining any further written or other confirmation from you, even if those instructions are not actually given or authorised by you.

३.१ सेवाका निमित्त हामी बिच स्वीकार गरिएको सुरक्षा संकेतको प्रयोग नै तपाईको पर्याप्त परिचय हो भन्ने कुरा तपाईले स्वीकार गर्नु भएको छ । कुनै निर्देशनहरु वास्तवमा तपाईले प्रदान गर्नु भएको वा अख्तियारी गर्नुभएको नभए तापनि तपाईको थप लिखित वा अन्य पुष्टि प्राप्त नगरी तपाईको निर्देशन (सेवाको माध्यमद्वारा सुरक्षा संकेत प्रयोग गरी दिइएको) कार्यान्वयन गर्न सक्नेछौं ।

### Your liability for Unauthorized Instructions

**अनाधिकृत निर्देशनका सम्बन्धमा तपाईको दायित्व**

3.2 You will be liable for misuse of your Password by someone to give unauthorized instructions purporting to come from you.

३.२ तपाईबाट प्राप्त भएको भान पर्ने गरी कसैले अनाधिकृत निर्देशन प्रदान गरेमा पासवर्डको दुरुपयोगका निमित्त तपाई जिम्मेवार हुनु हुनेछ ।

3.3 You will be responsible and will be liable for any instruction that is not authorised by you but is given using your Security Codes.

३.३ तपाईले अधिकृत नगर्नु भएको तर तपाईको सुरक्षा संकेत प्रयोग गरी गरिएको निर्देशनप्रति तपाई जिम्मेवार हुनु हुनेछ र सो को दायित्व तपाईको उपर हुनेछ ।

### Acting on your Instructions

**तपाईको निर्देशनको परिपालना**

3.4 You must not use the Service to create an unauthorized overdraft on any of your accounts and we are entitled to refuse to accept any instruction that would do so. If an unauthorized overdraft is created, we may take any action we think fit and charge any interest and charges to the account in question (in accor dance with the terms and conditions of that account). You agree that:

३.४ तपाईको खातामा अनधिकृत अधिविकर्ष सृजना हुने गरी तपाईले सेवाको प्रयोग गर्नु हुनेछैन र सो हुने गरी दिइएको निर्देशन हामी इन्कार गर्न सक्नेछौं । कुनै अनधिकृत अधिविकर्ष सृजना हुन गएको खण्डमा हामीलाई उपयुक्त लागेको कुनै पनि कारवाही गरी त्यस्तो खातामा (सो खाताको शर्त बन्देज अनुसार) व्याज वा शूल्क लगाउन सक्ने छौं । तपाई देहायको कुराहरु स्वीकार गर्नुहुन्छ :

- 3.4.1 it is your responsibility to make sure that no unauthorized overdrafts are created; and
- ३.४.१ कुनै अनधिकृत अधिविकर्ष सृजना भएको छैन भन्ने कुरा सुनिश्चित गर्नु तपाईको दायित्व हो; र
- 3.4.2 you will not rely on the operation of the Service to prevent an unauthorized overdraft being created. In particular, you must remember that your cheques and any payment instructions you have given via the Service might take time to clear and might not always be immediately reflected in the balance on your account.
- ३.४.२ अनधिकृत अधिविकर्ष सृजना हुनबाट रोक्नका निमित्त तपाई सेवाको संचालनमा निर्भर रहनु हुँदैन । खासगरी तपाईको चेक र सेवाको माध्यमद्वारा तपाईले दिनु भएको निर्देशन अनुरुप भुक्तानी गर्न केही समय लाग्न सक्नेछ र सो तपाईको खातामा रहेको मौज्दातमा तत्काल देखा नपर्न सक्छ भन्ने कुरा तपाईले सम्झनु पर्दछ ।

3.5 When we receive a transaction instruction from you through the Service, we will be entitled to debit any payment plus any charges payable for the transaction from the account you have specified. Once you have given an instruction through the Service, you will not be able to reverse it. We will be under no obligation:

३.५ हामीले सेवाको माध्यमले तपाईबाट कारोवारको निर्देशन प्राप्त गर्दा तपाईले निर्दिष्ट गर्नु भएको खाताबाट कारोवारका निमित्त भुक्तानी योग्य कुनै पनि भुक्तानीहरु लगायत कुनै पनि शूल्कहरु निकाल्न सक्नेछौं । सेवाको माध्यमद्वारा तपाईले एक पटक निर्देशन दिईसके पश्चात सोलाई, तपाईले उल्टाउन सक्नु हुनेछैन । देहायका सम्बन्धमा हाम्रो कुनै दायित्व हुने छैन:

- 3.5.1 to reverse an instruction you have given; or
- ३.५.१ तपाईले दिनु भएको निर्देशन उल्टाउन, वा
- 3.5.2 to accept an instruction that is conditional or reversible or which requires us to pay a third party sooner than we would be able to pay them following our normal banking practices.
- ३.५.२ शर्त सहित वा उल्टाउन सकिने वा हाम्रो सामान्य बैंकिंग अभ्यास अनुरुप भुक्तानी हुनुभन्दा चाँडो हामीले कुनै तेस्रो पक्षलाई भुक्तानी दिनु पर्ने गरी निर्देशन प्राप्त भएमा त्यस्तो निर्देशन स्वीकार गर्न,

3.6 We may, when we believe we are justified in doing so:

३.६ हामीलाई उचीत लागेको विश्वास भएमा हामी:

- 3.6.1 Refuse to carry out an instruction given via the Service; or
- ३.६.१ सेवाको माध्यमद्वारा प्रदान गरिएको निर्देशन कार्यान्वयन गर्न इन्कार गर्न सक्नेछौं, वा
- 3.6.2 Require written confirmation from you of a particular instruction. If we come to believe that an instruction may not have been properly authorised by you, we may, after making reasonable efforts to check whether it was properly authorised, take steps to reverse any action taken on the basis of that instruction. We will not be responsible for any loss to you that results from such a reversal.
- ३.६.२ कुनै निश्चित निर्देशनका सम्बन्धमा तपाईबाट लिखित पुष्टि प्राप्त गर्न सक्नेछौं । तपाईले उचीत प्रकारबाट निर्देशन दिनु नभएको हामीलाई विश्वास नलागेमा सो उचीत प्रकारबाट अख्तियारी प्रदान गरिएको हो होइन भन्ने सम्बन्धमा मानसिव माफिकको जाँच गर्ने प्रयत्न गरे पश्चात सो निर्देशनका आधारमा गरिएको कारवाही उल्टाउन कदम चाल्नेछौं । यसरी उल्टाउँदा तपाईलाई कुनै हानी नोक्सानी भएमा सो प्रति हामी जिम्मेवार हुनेछैनौं ।

3.7 When you give an instruction via the Service, we will act on that instruction in accordance with the cut-off times notified to you through the Service. From time to time we may notify you of changes to these cut-off times. Instructions given at any other time may not be acted on until the next Business day.

३.७ तपाईले सेवाको माध्यमद्वारा कुनै निर्देशन दिनु भएमा सेवाको माध्यमद्वारा तपाईलाई सुचित गरिएको निश्चित समय ९अगत याा तष्भ० अनुरुप सो निर्देशन बमोजिम हामी कार्य गर्नेछौं । यस्तो निश्चित समय ९अगत याा तष्भ० मा कुनै परिवर्तन गारउन सक्नेछौं । कुनै पनि अन्य समयमा दिइएको निर्देशन कार्यालय खुल्ने अर्को दिन नभएसमम कार्यान्वयन नगर्न सकिनेछ ।

## 4. If You Hold Any Joint Accounts

**४.तपाइ संयुक्त खातावाला भए**

The Service may not presently be used by you with joint accounts. If the Bank makes the Service so available it shall also make available the terms and conditions of use.

तपाईले संयुक्त खाताबाट हाल सेवा प्रयोग गर्न सक्नु हुने छैन । यस्तो सेवा बैंकले उपलब्ध गराएमा सो को प्रयोग सम्बन्धी शर्त बन्देज समेत उपलब्ध गराउनेछ ।

## 5. Operating times, changes and disruptions

**५.संचालन समय, परिवर्तन र रोकावट**

5.1 We shall take reasonably practicable steps to have the Service be usually available for use. You accept, however, that routine maintenance requirements, excess demand on the systems and circumstances beyond our control may mean it is not always possible for the Service to be available during its normal operating hours.

५.१ तपाइको सेवा प्रयोग समान्यतया उपलब्ध रहोस् भन्नका निमित्त हामी मनासिव माफिकको कदमहरु चाल्नेछौं । तर नियमित मर्मत सम्भारका आवश्यकता, प्रणालीको अत्याधिक माग एवं काबुभन्दा बाहिरको परिस्थितिको कारणले गर्दा सामान्य संचालको समयमा सँधै भरी सेवा उपलब्ध हुन नसक्ने कुरा तपाईले स्वीकार गर्नु भएको छ ।

5.2 In connection with the Service, we are entitled at any time to:

५.२ सेवाको सम्बन्धमा कुनै पनि समयमा हामी देहायका कार्यहरु गर्न सक्दछौं:

- 5.2.1 change the mode of operation; or
- ५.२.१ संचालनको तरिकामा परिवर्तन, वा
- 5.2.2 add to, remove or otherwise change, end or suspend any of the facilities available; or
- ५.२.२ उपलब्ध सेवामा थप गर्न, हटाउन वा अन्य प्रकारले परिवर्तन गर्न, समाप्त गर्न वा विलम्ब गर्न वा
- 5.2.3 end the Service. If we decide to change or end the Service, we will try to give you 30 days notice or whatever shorter period of notice may be reason able in the circumstances.
- ५.२.३ सेवा समाप्त गर्न हामीले परिवर्तन गर्ने भएमा वा सेवा समाप्त गर्ने भएमा हामी तपाईलाई ३० दिन वा परिस्थिति अनुसार मनासिव माफिकको सो भन्दा कम अवधीको सूचना प्रदान गर्ने प्रयत्न गर्नेछौं ।

## 6. Service Software and Hardware

**६.सफ्टवेयर र हार्डवेयर**

6.1 **Software compatibility:** Each time you access the Service, it may automatically provide Your System with the Service Software necessary to enable you to access and operate the Service. Alternatively, the Service Software may be supplied to you in some other way. It is your responsibility to ensure that the Service Software supplied to you is compatible with any computer or other device from which you access the Service and any software on that computer or other device. If it is not, you must compensate us for any loss we suffer as a result. We shall not be liable to you for any loss you suffer as a result of any incompatibility between the Service Software and any computer or other device from which you access the Service.

६.१ **सफ्टवेयरको कम्प्याटिबिलिटी:** तपाईले प्रत्येक पटक सेवामा पहुँच प्राप्त गर्दा सेवामा पहुँच प्राप्त गरी सेवा संचालन गर्न तपाईलाई सक्षम गराउन सेवाले आफैं तपाईको प्रणालीमा आवश्यक सर्भिस सफ्टवेयर उपलब्ध गराउने छ । वैकल्पिक रुपमा तपाईलाई कुनै अन्य तरिकाबाट सर्भिस सफ्टवेयर उपलब्ध गराइनेछ । तपाईले सेवामा पहुँच प्राप्त गर्ने कुनै पनि कम्प्यूटर वा उपकरणका निमित्त सो तपाईलाई उपलब्ध गराइएको सर्भिस सफ्टवेयर कम्प्याटिबल रहेको कुरा सुनिश्चित गर्नु तपाईको जिम्मवारी हो । सो कम्प्याटिबल नभएको कारणले गर्दा कुनै हानी नोक्सानी हुन गएको खण्डमा तपाईले हामीलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ । तपाईले सेवामा पहुँच प्राप्त गर्न प्रयोग गर्ने कम्प्यूटर वा उपकरण तथा सर्भिस सफ्टवेयरका बीच कम्प्याटिबिलिटी (तादात्म्यता) हुन नसकी तपाईलाई कुनै हानी नोक्सानी पर्न गएमा सो प्रति बैंक जिम्मेवार हुने छैन ।

6.2 **Protecting against Viruses:** You must take all reasonably practicable measures to ensure that any computer or other device from which you access the Service is free of any computer virus or similar device or software including, without limitation, devices commonly known as software bombs, Trojan horses and worms (together "Viruses") and is adequately maintained in every way. The Service can be accessed through the Internet or other communication channels as the case may be, public systems over which we have no control. You must therefore ensure that any computer or other device you use to access the Service is adequately protected against acquiring Viruses.

६.२ **भाइरस विरुद्धको सुरक्षा:** तपाईले सेवामा पहुँच प्राप्त गर्दा चलाउने कम्प्यूटर वा अन्य उपकरणहरु सामान्यतया सफ्टवेयर बम्बहरु, ट्रोजन हर्सेज, वर्मस (समग्रमा भाइरस) भनी चिनिने उपकरण वा सफ्टवेयरहरुबाट संक्रमित नरहेको कुरा सुनिश्चित गर्न तपाईले अवलम्बन गर्नसक्ने मनासिव माफिकको सबै उपायहरु अवलम्बन गर्नुपर्नेछ । हाम्रो नियन्त्रणमा नरहने इन्टरनेट वा अन्य संचारका माध्यमद्वारा लगायत सार्वजनिक प्रणालीबाट सेवामा पहुँच प्राप्त गर्न सकिन्छ । तसर्थ तपाईले सेवामा पहुँच प्राप्त गर्नका निमित्त प्रयोग गर्ने कम्प्यूटर वा अन्य उपकरणहरुमा भाइरसको प्रवेश हुन नसक्नेगरी पर्याप्त मात्रामा सुरक्षित रहेको सुनिश्चित गर्नु पर्नेछ ।

6.3 **Access through third party services:** We cannot be responsible for any services through which you access the Service that are not controlled by us, or for any loss you may suffer as a result of you using such a service. You must comply with all the terms and conditions of such a service and pay all the charges connected with it.

६.३ **तेस्रो पक्षको सेवाद्वारा पहुँच:** हामीले नियन्त्रण नगरेका कुनै अन्य सेवाको माध्यमद्वारा तपाईले सेवामा पहुँच प्राप्त गरेमा सो का सम्बन्धमा हामी जिम्मेवार हुने छैनौं तथा त्यस्तो सेवाको माध्यमद्वारा पहुँच प्राप्त गर्दा तपाईलाई पर्न गएको हानी नोक्सानीप्रति हामी जिम्मेवार हुने छैनौं । यस्तो सेवा सम्बन्धी सबै शर्त बन्देजहरु तपाईले पालन गर्नुपर्नेछ र सो सम्बन्धी सबै शूल्कहरु तपाईले भुक्तानी गर्नु पर्नेछ ।

6.4 **Ownership rights in connection with the Service Software and other information:** By supplying you with the Service Software to access the Service, we are granting you a non-exclusive, non-transferable, temporary licence to use the Service Software for the purpose of accessing the Service, and for no other purpose. The Service Software and all other material and information supplied to you contains valuable information that belongs to us or others. You must not:

६.४ **सर्भिस सफ्टवेयर तथा अन्य सूचनाहरुसँग सम्बन्धित स्वामित्व सम्बन्धी अधिकार:** सेवामा पहुँच प्राप्त गर्नका निमित्त तपाईलाई सर्भिस सफ्टवेयर उपलब्ध गराएको कारणले हामीले तपाईलाई सेवामा पहुँच प्राप्त गर्नका निमित्त हस्तान्तरण गर्न नसकिने अवस्थालाई नन-एक्स्क्लुसिभ लाइसेन्स प्रदान गरेका छौं । यो अन्य कुनै पनि प्रयोजनका निमित्त प्रदान गरिएको होइन । तपाईलाई उपलब्ध गराईएको सर्भिस सफ्टवेयर एवं सबै सामाग्रीहरु रहेका छन् । तपाईले जे देहायका कार्य गर्न पाउनुहुने छैन:

- 6.4.1 use them except in connection with accessing the Service;
- ६.४.१ सेवामा पहुँच प्राप्त गर्ने सम्बन्धमा बाहेक अन्य कुनै कार्यका निमित्त प्रयोग गर्न
- 6.4.2 take copies, sell, assign, commercially rent, sub-license, otherwise transfer them to any third party; or
- ६.४.२ प्रतिलिपी गर्न, बिक्री गर्न, अरुलाई हस्तान्तरण गर्न व्यवसायिक रुपमा भाडामा लगाउन, सब-लाइसेन्स गर्न, अन्य तेस्रो पक्षलाई छाडी दिन; वा
- 6.4.3 try to decompile, reverse engineer, input or compile any of the service Software.
- ६.४.३ कुनै पनि सर्भिस सफ्टवेयरलाई डिकम्पाइल, रिभर्स इञ्जिनियर, इनपुट वा कम्पाइल गर्ने प्रयत्न गर्ने ।

6.5 If you access the Service from a country outside Nepal, you are responsible for complying with the local laws of that country, including (but not limited to) obtaining any license needed for the import / export of the Service Software to that country.

६.५ तपाईले नेपाल बाहिरका कुनै देशबाट सेवामा पहुँच प्राप्त गर्नुपर्ने भएमा सो देशमा सर्भिस सफ्टवेयरको आयात/निर्यातका निमित्त लाइसेन्स प्राप्त गर्ने लगायत स्थानीय कानूनहरुको परिपालना गर्ने जिम्मेवारी तपाईको हुनेछ ।

## 7. The extent of our Liability for you loss or damage

**७. तपाईलाई पर्न गएको हानी नोक्सानी उपरको हाम्रो दायित्वको सीमा:**

7.1 We will take reasonably practicable steps to ensure that our systems in connection with the Service are installed with adequate security designs and to control and manage the risks in operating the systems, taking into account any law, rules, regulations, guidelines, circulars, codes of conduct and prevailing market practices which may be applicable to us from time to time.

७.१ कुनै कानून, नियम, निर्देशन, परिपत्र, आचार संहिता एवं हामी उपर समय समयमा लागू हुने प्रचलित बजार अभ्यासको अधीनमा रही संचालन प्रणालीमा रहेका जोखिम नियन्त्रण र व्यवस्थापन गर्नका निमित्त पर्याप्त सुरक्षाका उपायहरु सेवा सम्बन्धी हाम्रो प्रणालीमा राखिएको कुरा सुनिश्चित गर्न हामी मनासिव माफिकको कदमहरु चाल्ने जिम्मेवारी लिनेछौं ।

7.2 We will not be liable for any loss or damage to you as a result of making the Service available to you, including any direct, indirect, consequential or special loss, even if we have been advised of the same.

Examples of circumstances in which we will NOT be liable to you for loss or damage resulting to you through the use of the Service include (but are not limited to):

७.२ हामीलाई जानकारी गराइएको भएता पनि तपाईलाई सेवा उपलब्ध गराएको परिणामस्वरुप तपाईलाई पर्न गएको कुनैपनि प्रत्यक्ष, अप्रत्यक्ष, परिणामजन्य वा विशिष्ट हानी लगायत कुनै पनि हानी नोक्सानी प्रति हामी जिम्मेवार हुने छैनौं । सेवाको प्रयोगको परिणामस्वरुप तपाईलाई पर्न जाने एवं हामी जिम्मेवार नहुने परिस्थितिहरुको उदाहरणमा देहायका कुराहरु समेत पर्दछन्:

- 7.2.1 acting on an instruction which has been validly authenticated as coming from you but which in fact was given by somebody else (but please see sections 3.2 and 3.3 which explain the exceptions to this rule); and
- ७.२.१ तपाईद्वारा प्राप्त भएको भनी प्रामाणिक रुपमा बैध रहेको तर यथार्थमा अन्य कसैद्वारा दिइएको निर्देशन अनुरुप कार्य गर्दा (तर यस नियमको अपवादमा रहेका कुराको व्याख्याका निमित्त दफा ३.२ र ३.३ हेर्नुहोस्); र
- 7.2.2 any incompatibility between Your System and the Service; and
- ७.२.२ तपाईको प्रणाली र सेवाको बीचको अतादात्म्यता Incompatibility; र
- 7.2.3 any machine, system or communications failure (except where such failure should have been prevented by the risks control and arrangement measures had we adopted such measures in accordance with clause 7.1), industrial dispute or other circumstances beyond our control that leads either to the Service being totally or partially unavailable or to instructions given via the Service not being acted upon promptly or at all; and
- ७.२.३ कुनै मेसिन प्रणाली वा संचारले कार्य नगरेको (दफा ७.१ बमोजिमका जोखिम नियन्त्रण र व्यवस्थापनका उपायहरु हामीले प्रयोग गरेमा सो बाट त्यस्तो काम नगरेको अवस्थालाई रोक्नसक्ने भएमा बाहेक), औद्योगिक विवाद, वा सेवा पूर्ण वा आंशिकरुपमा उपलब्ध नहुने वा सेवाको माध्यमद्वारा प्रदान गरिएको निर्देशन तुरुन्तै वा सम्पूर्णरुपमा कार्यान्वयन नहुनेगरी अन्य काबुभन्दा बाहिरको परिस्थिति परेमा; र
- 7.2.4 you relying on any financial information provided as part, or by means, of the Service; and
- ७.२.४ सेवाको अंशको रुपमा वा सेवाको माध्यमद्वारा उपलब्ध गराइएको वित्तीय सूचनामा तपाई निर्भर रहनु भएमा; र
- 7.2.5 any misuse of Your System by you or anyone else; and
- ७.२.५ तपाईले वा अन्य कसैले तपाईको प्रणालीको दुरुपयोग गरेमा; र
- 7.2.6 any access to information about your accounts which is obtained by a third party as a result of your using the Service.

- ७.२.६ तपाईले सेवा प्रयोग गरेको परिणामस्वरुप कुनै तेस्रो पक्षले तपाईको खाता सम्बन्धी जानकारीमा पहुँच प्राप्त गरेमा ।

7.3 In the event that we are liable for any loss or damage to you as a result of your use of the Service, we shall only be liable for direct loss or damage which, in the ordinary course of events, might reasonably be expected to result from the circumstances in question and only if such loss or damage is caused by our gross negligence or willful default. Please note that the Service has no facility for you to let us know that it is especially important to you that a transaction is carried out by a particular time. If you need to be completely certain that an instruction has reached us and that it will be carried out by a particular time, you must speak to our staff on 00977 1 4782333 and during office hours only.

७.३ कुनै निश्चित समयमा कारोवार गर्नु तपाईका निमित्त महत्वपूर्ण रहन्छ भन्ने कुराको जानकारी हामीलाई गराउने सम्बन्धी तपाईको सुविधा सेवामा उपलब्ध छैन । तपाईको निर्देशन हामीकहाँ प्राप्त भएको र कुनै निश्चित समयमा सो कार्यान्वयन हुनेछ भन्ने कुरा पूर्णरुपमा हाम्रा कर्मचारीहरुसँग ००९७७-१-४७८२३३३ मा सम्पर्क गरी कुरा गर्न सक्नुहुनेछ ।

7.4 You shall indemnify us, our employees and our nominees or agents promptly and on a full indemnity basis from or against all actions, omissions, negligence, proceedings, claims, demands, damages, losses (including direct, indirect or consequential losses), costs and expenses including all duties, taxes, or other levies and legal costs as between solicitor and client (on a full indemnity basis) and other liabilities which we may incur or suffer from or by reason of your use of the Service.

७.४ तपाईले सेवा प्रयोग गरेको कारणबाट हामीले व्यहोर्नु परेको सबै कारवाही, अक्रियाशीलता, लापरवाही प्रकृया, दावी, माग, नोक्सानी (प्रत्यक्ष, अप्रत्यक्ष वा परिणामजन्य नोक्सानीहरु) लागत एवं दस्तुर, महसुल, कर वा अन्य तिरो तथा वकिल र ग्राहक बीचको कानूनी खर्चहरु (पूर्णरुपमा क्षतिपूर्ति गर्नुपर्ने आधारमा) एवं अन्य दायित्वहरु पूर्णरुपमा व्यहोर्ने गरी तपाईले हामीलाई हाम्रा कर्मचारीहरुलाई र हाम्रा इच्छाइएका व्यक्तिहरुलाई वा एजेन्टहरुलाई क्षतिपूर्ति गर्नु हुनेछ ।

## 8. If you break a term of this agreement

**८. तपाईले यस सम्झौताका शर्त उल्लंघन गर्नु भएमा**

You must compensate us for any loss we suffer as a result of your breaking any term of this agreement.

यस सम्झौताका कुनै शर्तहरु तपाईले उल्लंघन गर्नुभएको कारणले गर्दा हामीले कुनै हानी नोक्सानी व्यहोर्नु परेमा सो को क्षतिपूर्ति तपाईले गर्नु पर्नेछ ।

## 9. Ending your use of the service

**९. तपाईको सेवाको प्रयोगको समाप्ती**

9.1 You may cancel your use of the Service at any time by giving us written notice (or in any other way we notify you about from time to time).

९.१ तपाईले कुनै पनि समयमा लिखित सूचना दिई (वा समय समयमा हामीले तपाईलाई सूचित गरेको तरिका अनुसार) तपाईको सेवाको प्रयोग रद्द गर्न सक्नु हुनेछ ।

9.2 If you have multiple accounts, you may not cancel the Service solely in respect of any one account, unless you are notified by us to the contrary in writing.

९.२ हामीले अन्यथा लिखित सूचना दिएमा बाहेक तपाईको एक भन्दा बढी खाता रहेमा कुनै एक खाताका निमित्त मात्र तपाईले सेवा रद्द गर्न सक्नु हुनेछैन ।

9.3 We have the right to end or suspend your use of the Service at any time. We will usually give you at least 30 days notice. However, we may give you a shorter period of notice or no notice if we consider it necessary, for example because of security concerns in connection with your use of the Service or because we are concerned that you have used or may use the Service to create an unauthorized overdraft or otherwise to operate any of your accounts in breach of your arrangements with us

९.३ तपाईको सेवाको प्रयोग कुनै पनि समयमा समाप्त गर्ने वा स्थगत गर्ने अधिकार हामीमा निहित रहेको छ । साधारणतया हामी तपाईलाई ३० दिनको सूचना प्रदान गर्दछौं । तर हामीले आवश्यक सम्झेमा छोटो अवधिको सूचना दिन वा सूचना नै नदिन सक्नेछौं । उदाहरणका निमित्त तपाईको सेवाको प्रयोग सम्बन्धमा सुरक्षा सम्बन्धी चासो रहेमा वा तपाईले अनधिकृत रुपमा अधिविकर्ष सृजना हुने गरी वा तपाई र हाम्रो बीचको प्रबन्धको विपरीत हुने गरी खाता संचालन गर्नका निमित्त सेवाको प्रयोग गरेको वा गर्ने भएको सम्बन्धमा हाम्रो चासो रहेमा ।

9.4 If your use of the Service comes to an end for any reason, this will not affect any instructions you have already given via the Service.

९.४ कुनै पनि कारणवंश तपाईको सेवाको प्रयोग समाप्त भएमा सेवाको माध्यमद्वारा तपाईले पहिले नै प्रदान गरिसक्नु भएको निर्देशनलाई कुनै प्रभाव पर्नेछैन ।

## 10. About our charges

**१०. हाम्रा ग्राहकका सम्बन्धमा**

10.1 We are entitled:

१०.१ हामी देहायका कार्यहरु गर्न सक्ने छौं:

- 10.1.1 to charge you fees and charges for the Service; and
- १०.१.१ सेवाका निमित्त तपाईलाई शूल्क वा महसुल लगाउन,
- 10.1.2 to change those fees and charges from time to time by giving you at least 30 days notice. If we give you such a notice, you will not have to pay any proposed increase so long as you cancel your use of the Service during the 30 day notice period. However, your continued use of the Service after the 30 day notice period shall be conclusively deemed to be your acceptance of such changed fees and charges.
- १०.१.२ घटिमा ३० दिनको सूचना तपाईलाई प्रदान गरी समय समयमा शूल्क एवं महसुलमा परिवर्तन गर्न हामीले तपाईलाई यस्तो सूचना दिएमा ३० दिनको अवधीमा तपाईले सेवा रद्द गर्नु भएमा तपाईले प्रस्तावित बृद्धि अनुरुपको भुक्तानी गर्नुपर्ने छैन । तर ३० दिनको सूचनाको अवधी व्यतित भए पश्चात पनि तपाईले सेवाको निरन्तर प्रयोग गर्नु भएमा त्यसरी परिवर्तन गरिएको शूल्क र महसुलहरु तपाईलाई मान्य रहेको मानिने छ ।

10.2 To avoid any doubt, please note that the references to fees and charges in section 10.1 only apply to our charges for providing the Service. They do not apply to any charges for particular banking or other services we might provide in response to your requests via the Service. We will be happy to provide you with details of our charges for particular banking or other services on request.

१०.२ कुनै शंका रहेमा सो को निवरणका निमित्त कृपया याद गर्नुहोस् दफा १०.१ मा उल्लेख गरिएका शूल्क र महसुल हामीले सेवा उपलब्ध गराए वापतको शूल्क मात्र हो । ती शूल्कहरु सेवाको माध्यमद्वारा तपाईले अनुरोध गरी हामीले उपलब्ध गराउने विशेष बैंकिंग वा अन्य सेवाका सम्बन्धमा लागू हुने शूल्क होइनन् । तपाईले अनुरोध गर्नु भएमा कुनै विशेष बैंकिंग वा अन्य जानकारी गराउने छौं ।

## 11. The validity of the terms of this agreement

**११.यस सम्झौताका शर्तहरुको बैधता**

11.1 If anyone or part of the terms of this agreement proves to be legally unsound or unenforceable in any way, this will not affect the validity of the remaining terms.

११.१ यस सम्झौताको कुनै एक शर्त वा सो को कुनै अंश कानून बमोजिम नभई वा कुनै पनि प्रकारबाट लागू हुन नसक्ने भएमा सो बाट अन्य बाँकी शर्तहरुको बैधतामा कुनै प्रभाव पर्नेछैन ।

11.2 We believe the terms of this agreement are fair. If any one or part of them proves to be not legally valid because it is unfair or for any other reason, we are entitled to treat that term as changed in a way that makes it fair and valid.

११.२ यस सम्झौताका शर्तहरु उचीत रहेको हामीलाई विश्वास रहेको छ । यस सम्झौताको कुनै एन्ड शर्त वा सो को कुनै अंश अनुचित भएको कारणबाट कानून बमोजिम बैध नरहेमा सो उचीत र वैध हुनेगरी परिवर्तन भएको रुपमा हामी सोलाई ग्रहण गर्न सक्नेछौं ।

11.3 If one of the terms of this agreement is unenforceable against one of the customers signing this agreement, this will not in any way affect the enforceability of that term against the other signatories.

११.३ यस सम्झौतामा हस्ताक्षर गर्ने कुनै उक ग्राहकका निमित्त यस सम्झौताको कुनै एक शर्त लागू नहुने भएमा अन्य हस्ताक्षरकर्ताको विरुद्धमा सो दफाको कार्यान्वयनमा कुनै असर पर्ने छैन ।

11.4 If we relax any of the terms of this agreement once, this may be on a temporary basis or as a special case only. Such relaxation will not affect our right to enforce that term strictly at any other time.

११.४ हामीले यस सम्झौताको कुनै शर्तलाई एक पटक खुकुलो गरेमा सो अस्थाई प्रकृतिको वा विशेष अवस्थामा गरिएको हुनेछ । त्यस्तो खुकुलोपनाले अर्को पटक सो को कडाईका साथ लागू गर्ने हाम्रो अधिकारमा कुनै प्रभाव पर्नेछैन ।

## 12. Communications between us

**१२. हामी बीचको पत्राचार**

12.1 Except for situations where this agreement refers to your giving us notice by telephone, you should give us any other formal notice in connection with the Service in writing (in hard copy form) to any of our branches in Nepal where you maintain an account (or any other address we may notify to you from time to time for this purpose).

१२.१ यस सम्झौतामा तपाईले फोनको माध्यमद्वारा सूचना प्रदान गर्न सक्ने भनी उल्लेख गरिएको अवस्था बाहेक सेवाका सम्बन्धमा कुनै अन्य औपचारिक सूचनाहरु तपाईले लिखित रुपमा तपाईले खाता खोलेको नेपालस्थित हाम्रो शाखामा (वा यस प्रयोजनका निमित्त हामीले समय समयमा तपाईलाई जानकारी पठाउने ठेगानामा) पठाउनु पर्नेछ ।

12.2 Any complaints in connection with the Service should be directed to: any of our branches in Nepal where you maintain an account and/or 24 Hours Client Care Centre (or any other address we may notify to you from time to time for this purpose).

१२.२ सेवाका सम्बन्धमा कुनै गुनासो भएमा त्यस्तो गुनासोहरु तपाईको खाता रहेको नेपालमा रहेको हाम्रो कुनै पनि शाखामा र/वा २४ घण्टै सम्पर्क केन्द्रमा (वा यस प्रयोजनका निमित्त हामीले समय समयमा तपाईलाई जानकारी गराउने ठेगानामा) पठाउनु पर्नेछ ।

12.3 Electronic mail is not a completely reliable or secure method of communication and you must not use it for sending us:

१२.३ विद्युतीय मेल (इमेल) पूर्णरुपमा भरपर्दो र सुरक्षित संचारको माध्यम होइन र देहायका कुराहरु पठाउँदा सो तपाईले प्रयोग गर्नुहुने छैन:

- 12.3.1 Notices in connection with the terms of this agreement; or
- १२.३.१ यस सम्झौताका शर्तहरुसंग सम्बन्धीत सूचनाहरु; वा
- 12.3.2 Sensitive communications, such as payment instructions (payment instructions should be sent through the Service in accordance with the terms of the relevant account which you hold with us).
- १२.३.२ भुक्तानी आदेश जस्ता संवेदनशील संचारहरु (तपाईले कायम राख्नु भएको खाताको शर्तहरु अनुरुप सेवाको माध्यमद्वारा भुक्तानी आदेश पठाउनु पर्नेछ) ।

12.4 If we need to send you a notice, we will use the address you have given us most recently in connection with your bank accounts or use the service.

